भाग ५

नेपाल सरकार

वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ५९, संख्या २८ मिति २०६६।७।१६ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना १ प्रकरण १ को खण्ड (च१) झिको गिटी, ढुङ्गा र बालुवा निकासीका लागि लगाई राखिएको पूर्ण बन्देज हटाएको छ।

आज्ञाले,
सूर्यप्रसाद सिलवाल
नेपाल सरकारको निमित्त सचिव

भूल सुधार

खण्ड ५९, अतिरिक्ताङ्क ४५अ, मिति २०६६।१०।१७ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचनाको प्रकरण २ को खण्ड (छ) मा "खण्ड (च) बमोजिम जग्गाको भोगवाला बाढी पहिरो पीडित व्यक्ति र अदालतको फैसलाबाट हक कायम भएका व्यक्तिबीच सहमति हुन नसकेमा फैसलाबाट हक कायम भएका व्यक्तिलाई हक कायम भएको क्षेत्रफल बराबरको जग्गा यस क्षेत्रको अन्य सरकारी जग्गाबाट सट्टा भर्ना दिई त्यस्तो जग्गा बाढी पीडितको नाममा वितरण गर्ने" उल्लेख हुनु पर्नेमा अन्यथा हुन गएकोमा भूल सुधार गरिएको छ।

—भूमिसुधार तथा व्यवस्था मन्त्रालय।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।-
गो.हु.ब.नं. १६।०६२।६३

* आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।